**गुजरा नगरपालिका**

**स्थानीय राजपत्र**

| खण्डः ४ | संख्याः २ | प्रकाशन मितिः २०८३/०५/३१ |
| --- | --- | --- |

भाग- १

गुजरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिमराभवानिपुर, रौतहट

# शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३

**नगरसभा बाट स्वीकृत मिति : २०८३/०१/०९**

# गुजरा नगरपालिकाको

## शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३

स्वीकृति

गुजरा नगर सभा, रौतहट

प्रस्तावना

नगरपालिका भित्र रहेका विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षक विद्यार्थी संख्या अनुपात तथा कक्षागत रुपमा शिक्षकको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ज(११) ले दिएको अधिकार बमोजिम गुजरा नगरपालिकाद्धारा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि,२०८३ जारी गरिएको छ ।

## परिच्छेद-एक

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८३" रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले गुजरा नगरपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले गुजरा नगरपालिकाको नगरकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गुजरा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) "नगर शिक्षा समिति" भन्नाले गुजरा नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्दछ ।

(ङ) "आधारभूत शिक्षा" भन्नाले बालविकास देखि कक्षा आठ सम्म दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(च) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(छ) "शाखा प्रमुख" भन्नाले शिक्षा,युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको काम गर्न तोकिएको शाखाको अधिकृत सम्झनु पर्दछ ।

(ज) "दरबन्दी" भन्नाले नेपाल सरकारबाट स्वीकृत अनुदान प्राप्त स्थायी/अस्थायी करार दरबन्दी सम्झनु पर्दछ।

(झ) "राहत" भन्नाले नेपाल सरकारबाट स्वीकृत अनुदान प्राप्त कोटा सम्झनु पर्दछ ।

(ञ) “नगर शिक्षक/नगर स्वयमसेवक शिक्षक" भन्नाले गुजरा नगरपालिकाबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षक सम्झनु पर्दछ ।

(ट) “सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारद्धारा नियमित अनुदान प्राप्त गर्ने गुजरा नगरपालिका भित्रका विद्यालय सम्झनु पर्दछ ।

(ठ) “शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनु पर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँदछ ।

(ड) “बालविकास सहजकर्ता" भन्नाले गुजरा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयको बालविकास केन्द्रमा सहजकर्ता पदमा नियुक्त शिक्षक सम्झनु पर्दछ ।

## परिच्छेद-दुई

## दरबन्दी मिलानका आधारहरु

३.शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्थाः शिक्षक दरबन्दी मिलान गर्दा तपसिलका व्यवस्थाहरु हुनेछः

(१) अघिल्लो शैक्षिक सत्रको विद्यार्थी सङख्याको आधारमा सत्यापन गर्दा आएको विवरण बमोजिम कक्षागत विद्यार्थी सङख्यालाई प्रयोग गरिनेछ ।

(२) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी करार, राहत अनुदान, बालविकास सहजकर्ता र नगर/वडा शिक्षकतथा नगर स्वयमसेवक शिक्षकहरुको सङख्यात्मक विवरण तयार पारिनेछ।

(३) काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँछन सोही विद्यालयको शिक्षकमा गणना गरिनेछ ।

(४) न्युनतम विद्यार्थी सङख्या कायम गर्दा कक्षा १-३ सञ्चालित विद्यालयमा कम्तिमा ५० जना विद्यार्थी, कक्षा १-५ सञ्चालित विद्यालयमा कम्तिमा १०० जना विद्यार्थी सङख्या, कक्षा १-८ सम्म सञ्चालित विद्यालयमा कम्तिमा १७५ जना विद्यार्थी हुनुपर्नेछ । माथि उल्लेखित भन्दा कम विद्यार्थी सङख्या भएमा आवश्यक्ता अनुसार त्यस्ता विद्यालयका शिक्षक दरबन्दी अन्यत्र विद्यालयमा मिलान गरिनेछ । हरेक विद्यालयमा कम्तिमा एकवटा बालविकास केन्द्र कायम गरिनेछ ।

(५) एउटै कक्षामा विद्यार्थी संख्या बढी भई वर्ग/सेक्सन खोल्नु पर्ने अवस्थामा प्रतिकक्षा ५० जना मापदण्ड बमोजिमको विद्यार्थी सङख्याको साठी प्रतिशत बढी अर्थात ८० जनाभन्दा बढी विद्यार्थी भएमा वर्ग/सेक्सनको व्यवस्था गरी प्रति सेक्सन १ जना शिक्षक दरबन्दी थप गरी गणना गर्न सकिने तर

भौगोलिक विकटताका कारण समायोजन गर्न नसकिने अवस्थाको विद्यालयहरुमा कक्षा अनुसार शिक्षक कायम गरिनेछ ।

४. विद्यालयगत एवम् तहगत शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गर्ने आधारहरुः

(१) कक्षा १-३ सञ्चालन भएका आधारभूत विद्यालयको सम्बन्धमाः- कक्षा १-३ सञ्चालित विद्यालयमा न्युनतम ३ जना शिक्षक व्यवस्थापन गरिनेछ ।

(२) कक्षा १-५ सञ्चालन भएका आधारभूत विद्यालयको सम्बन्धमाः- कक्षा १-५ सञ्चालित विद्यालयमा न्युनतम ५ जना शिक्षक व्यवस्थापन गरिनेछ ।

(३) कक्षा ६-८ सञ्चालन भएका आधारभूत विद्यालयको सम्बन्धमाः- कक्षा १-८ सञ्चालित आधारभूत विद्यालयमा नि.मा.तहको न्युनतम ४ जना शिक्षक व्यवस्थापन गरिनेछ ।शिक्षक व्यवस्थापन गर्दा प्राथमिकीकरणका आधारमा अङगेजी १, गणित/विज्ञान १, नेपाली १, सामाजिक १ गरी ४ ओटासम्म निम्न माध्यमिक तहको दरबन्दी कायम गरिनेछ ।

(४) कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयको सम्बन्धमाः- कक्षा १-१० सञ्चालित माध्यमिक विद्यालयमा मा.वि.तहको न्युनतम ५ जना शिक्षक व्यवस्थापन गर्ने ।शिक्षक व्यवस्थापन गर्दा प्राथमिकीकरणका आधारमा अङग्रेजी १, विज्ञान १, गणित १, नेपाली १, सामाजिक १ गरी ५ ओटासम्म आधारभूत तहको शिक्षकको व्यवस्थापन गरिनेछ । साथै ऐच्छिक विषयको शिक्षक दरबन्दी समेत आवश्कता अनुसार व्यवस्थापन गरिनेछ ।

## परिच्छेद-तीन

## दरबन्दी मिलानका प्रक्रियामा शिक्षक व्यवस्थापन तथा पदस्थापना आधारहरु

५. दरबन्दी मिलान पछि गर्ने शिक्षक व्यस्थापन सम्बन्धी व्यवस्थाः

(१) दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षकलाई नगर शिक्षा समिति/नगर कार्यपालिकाको सिफारिसमा नगरपालिकाले शिक्षक दरबन्दी अपुग भएका विद्यालयमा पदस्थापन गर्नेछ ।

(२) शिक्षक दरबन्दी कटौती गर्दा सर्वप्रथम रिक्त दरबन्दी/राहत कोटालाई हटाइनेछ । त्यसपछि नियुक्ति मितिको कनिष्ठताका आधारमा (क्रमशः राहत,अस्थायी/करार र स्थायी) नगर शिक्षा समिति/ नगर कार्यपालिकाको निर्णयानुसार गरिनेछ ।

(३) दरबन्दी मिलान गर्दा कमी वा बढी हुने शिक्षकको विद्यालयगत र विषयगत दरबन्दी विवरण यकिन गरी नगरपालिका स्तरीय समष्टिगत विवरण प्रत्येक वर्ष अद्यावधिक गर्दै लगिनेछ ।

(४) कक्षा वा तह समायोजन भएका विद्यालयहरुमा आगामी शैक्षिक सत्रमा विद्यार्थी सङ्ख्या बढदै गएमा पुनः कक्षा थप गर्न सकिनेछ ।

(५) दरबन्दी मिलान तथा पदस्थापना गर्दा प्रत्येक विद्यालयमा सम्बन्धित तहको स्थायी शिक्षकको व्यवस्थापन गरी वरिष्टतम स्थायी शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी दिइनेछ ।

६. दरबन्दी मिलानमा सरुवा तथा पदस्थापना सम्बन्धी व्यावस्था

(१) सरुवा भई आउने र जाने दुवै विद्यालय व्यवस्थापन समितिको सहमतिमा पारस्पारिक सरुवा गर्न सकिनेछ । (२) एउटै विद्यालयमा पाँच वर्ष वा सो भन्दा बढी सेवा पुरा गरेका सबै शिक्षकलाई अनिवार्य रुपमा क्रमशः दरबन्दी मिलान तथा पदस्थापन गरिनेछ तर अवकाश हुन एक वर्ष बाकी शिक्षकको हकमा यो नियम लागू हुने छैन ।

(३) दरबन्दी मिलानका लागि विद्यालय छनोटका लागि कम्तिमा पन्ध्र दिने सूचना गरिनेछ र एक वर्ष अवकाश हुन बाकी शिक्षक बाहेक सबै शिक्षकले अनुसूचि १ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ ।निवेदन पेश नगर्ने शिक्षकलाई नगर शिक्षा समिति/ नगर कार्यपालिकाको सिफारिसमा नगरपालिकाले आवश्यक ठानेको विद्यालयमा खटाइनेछ ।

(४) विद्यालयमा राम्रो कार्य सम्पादन गर्न नसकेका र विद्यालय व्यवस्थापन समितिबाट पटक-पटक गुनासो आएका शिक्षक तथा प्रधानाध्यापकहरु माथि छानविन गरी दरबन्दी मिलान तथा पदस्थापन गरिनेछ ।

(५) यस कार्यविधि बमोजिम भएको दरबन्दी मिलान अर्को व्यवस्था नभएसम्मको लागि लागू हुनेछ ।

## परिच्छेद-चार

## दरबन्दी मिलान कार्यदलको व्यवस्था

७. दरबन्दी मिलान कार्यदलको गठन

(१) दरबन्दी मिलान तथा व्यवस्थापन गर्नका लागि दरबन्दी मिलान कार्यदलको गठन गरिनेछ ।कार्यदलमा देहाय बमोजिम पदाधिकारी रहने छनः

क. नगर प्रमुख- संयोजक

ख. नगर उप-प्रमुख- सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

घ. शिक्षा अधिकृत- सदस्य

ङ. नगर शिक्षा अधिकारी/शिक्षा शाखा प्रमुख- सदस्य सचिव

(२) दरबन्दी मिलान कार्यदलको काम, कर्तब्य र अधिकार देहायनुसार हुनेछः

क. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक दरबन्दी मिलानपछि कायम हुने शिक्षक सङख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी संख्या यकिन गर्ने ।

ख. शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनौट फारामहरु विश्लेषण गर्ने ।

ग. विद्यालहरुमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गरिएका विद्यालय र शिक्षकको नामावली विवरण तयार गरी नगर शिक्षा समिति/ नगर कार्यपालिकामा पेश गर्ने ।

घ. नगर कार्यपालिकाको निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) विद्यालयको माथिल्लो तहमा दरबन्दी नभएमा वा अपुग भएमा दरबन्दीको व्यवस्था नभएसम्मको लागि माथिल्लो योग्यत भएको शिक्षकलाई विषयगत आधारमा मिलान गर्न सकिन्छ ।

(४) दरबन्दी मिलान गरी पठाइएको शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर गराई सो को जानकारी सम्बन्धित निकायमा पठाउनुपर्नेछ । साथै दरबन्दी मिलान गरिएको शिक्षकलाई हाजिरी नगराएमा

दरबन्दी सहित अर्को आवश्यक भएको विद्यालयमा स्थानान्तरण गर्न कार्यदलको निर्णय सहित नगर शिक्षा समिति/ नगर पालिकामा पेश गर्नेछ ।

(५) दरबन्दी मिलानको क्रममा स्वीकृत दरबन्दी र अनुदान कोटा (राहत) शिक्षक समेत गणना गरी विद्यालयगत दरबन्दी कायम गरिनेछ । यदि कुनै विद्यालयबाट स्थानान्तरण हुने जेष्ठ शिक्षक कनिष्ठ भन्दा इच्छुक भएमा दुबैको सहमतिमा पनि स्थानान्तरण गरिनेछ ।

(६) समितिको सचिवालय नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ ।

(७) समिर्तिको सचिवालयका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट रकम नगरपालिकाले व्यवस्था गर्नेछ ।

८. संशोधन तथा परिमार्जनः

यस कार्यविधिलाई व्यवस्थित बनाउन आवश्यकता बमोजिम नगर कार्यपालिकबाट संशोधन तथा परिमार्जन गराउन सकिनेछ ।

९. बाधा अड्काउ फुकाउने व्ववस्थाः

यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ परेमा फुकुवाका लागि नगर कार्यपालिकाको बैठकले आवश्यक निर्णय गर्नेछ ।

अनुसूचि १

नियम ६(३) सँग सम्बन्धित

शिक्षक दरबन्दी मिलानका लागि दिने निवेदनको ढाँचा

श्री मान प्रमुख प्रशासकीय अधिकृत ज्यू

नगर कार्यपालिकाको कार्यालय

गुजरा नगरपालिका

सिमरा भवानीपुर, रौतहट।

यस नगरपालिकाबाट मिति.................................... गते प्रकाशित सूचना अनुसार नगरपालिका भित्रका शिक्षकको दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा मलाई देहाय बमोजिमको विद्यालयमा रही कामकाज गर्ने इच्छा रहेको हुँदा प्रचलित ऐन/नियम/कार्यविधि तथा उपलब्ध सम्भावना समेतका आधारमा प्राथमिकता क्रममा रहेको विद्यालयमा कामकाज गर्ने गरी खटाउनुहुन अनुरोध सहित यो निवेदन पेश गर्दछु ।

नाम थरः

| स्थायी ठेगाना | अस्थायी ठेगाना |
|---|---|
| वडा नं.: | वडा नं.: |
| पालिकाः | पालिकाः |
| जिल्लाः | जिल्लाः |
| सिटरोल नं.: | शुरु नियुक्ति मितिः |
| तह/श्रेणीः | हालको पदमा नियुक्ति मितिः |

मोबाइल नं.:

हाल कार्यरत विद्यालयको नाम र ठेगाना:

हाल कार्यरत विद्यालयमा सरुवा/पदस्थापना मिति:

दरबन्दी मिलानमा जान चाहेको विद्यालयको नाम प्राथमिकताको आधारमा

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

आज्ञाले,
डम्बरु दाहाल
प्रमुख प्रशासकीय अधिकृत